**बैठक नं.६४**

आज मिति २०७७/०४/२९ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ११:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

३०. चितबहादुर गुरुङ, का.वा. वडा अध्यक्ष-३

**प्रस्ताव नं.६४.१**
**आ.व.२०७६/०७७ को बार्षिक समीक्षा सम्बन्धमा ।**
**निर्णय नं. ६४.१**
यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व. २०७६/०७७ मा संचालन एवं कार्यान्वयन भएका योजना तथा कार्यकमहरुको महाशाखागत रुपमा प्रस्तुत भै समिक्षा गरियो । मिति २०७६/१२/११ गते देखि देश लकडाउनमा रहेको र सो को वावजुद त्यस्तो असहज परिस्थितिमा पनि विकास निर्माणका आयोजनाहरुको कार्यान्वयन प्रक्रिया सन्तोषजनक रुपमा अगाडि बढेको पाईयो। कार्यान्वयनको चरणमा रहेका आयोजनाहरु कोभिड-१९ का कारण पूर्व निर्धारित समयमा सम्पन्न हुन नसकेको हुँदा यस्ता कमागत आयोजना तथा कार्यक्रमहरुलाई आगामी बर्ष प्राथमिकतामा राखी क्रमशः सम्पन्न गर्दै जाने र कार्यान्वयनका सन्दर्भमा भएका कमि कमजोरीहरुलाई क्रमशः सुधार गर्दै जाने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.६४.२**
**लैगिक हिंसा तथा जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने कोष सम्बन्धी कार्यविधि,२०७७ स्वीकृत गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ६४.२**
नगर कार्यपालिकाको कार्यालयबाट तयार भई पेश हुन आएको लैगिक हिंसा तथा जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने कोष सम्बन्धी कार्यविधि,२०७७ माथि दफावार छलफल गरियो । सो कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.३**
**विद्यालय खोल्ने तथा कक्षा थप गर्न अनुमति दिने सम्बन्धमा ।**
**निर्णय नं. ६४.३**
बिद्यालय खोल्न तथा चलिरहेका विद्यालयमा कक्षा थप गर्न वा बिषय थप गर्ने अनुमति माग गरी निवेदन पेश गरेका देहाय बमोजिमका विद्यालयहरुलाई नगर शिक्षा समितिको मिति २०७७/०४/०२ गतेको बैठकबाट सिफारिस भै आए बमोजिम विद्यालय खोल्न तथा कक्षा थप गर्न र कक्षा ११/१२ को हकमा पठनपाठन हुने बिषय समेत उल्लेख गरी तोकिए बमोजिमको दस्तुर लिई अनुमति दिने निर्णय गरियो ।

क. विद्यालय खोल्न तथा चलिरहेका विद्यालयमा थप कक्षा संचालन गर्ने अनुमतिका लागि नगर शिक्षा समितिबाट सिफारिस भएका विद्यालयहरु :

| क्र.सं. | विद्यालय | अनुमति माग गरेको तह/कक्षा |
|---|---|---|
| १ | सन्तोषिमाता गुरुकुल विद्याश्रम दीपनगर | माध्यमिक तहको कक्षा १० |
| २ | प्रगति माध्यमिक विद्यालय प्रगतिनगर बुटवल ११ | माध्यमिक तहको कक्षा १० |
| ३ | बुटवल मदिना बोर्डिङ स्कूल बुटवल १३ | माध्यमिक तहको कक्षा १० |
| ४ | त्रिभुवन युनाइटेड एकेडेमी | माध्यमिक तहको कक्षा १२ |

| | | |
|---|---|---|
| ५ | उजिरसिंह मावि बुटवल २ | माध्यमिक तहको कक्षा १२ |
| ६ | एभनेजर न्यू भिजन इङ्गलिस बोर्डिङ स्कूल बुटवल १२ | माध्यमिक तह कक्षा ११ पुन संचालन अनुमति |
| ७ | बुटवल माध्यमिक विद्यालय बुटवल १ | माध्यमिक तह कक्षा ११ संन्चालन अनुमति |
| ८ | युनाइटेड इङ्गलिस बोर्डिङ स्कूल बुटवल १८ | माध्यमिक तहको कक्षा ९ अनुमति |
| ९ | शान्तिदीप इङ्गलिस स्कूल | आधारभूत तहको कक्षा ८ संचालन अनुमति |
| १० | अक्षर एकेडेमी बुटवल २ | आधारभूत तहको कक्षा ५ संचालन अनुमति |

ख. पूर्व प्राथमिक विद्यालय संचालनको अनुमतिका लागि सिफारिस भएका विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अनुमति माग गरेको तह |
|---|---|---|
| १ | लुम्बिनी पाठशाला मन्टेश्वरी एण्ड डे केयर सेन्टर बुटवल ७ चन्द्रनगर | पूर्व प्राथमिक |
| २ | मदरल्याण्ड बेबी केयर एण्ड मन्टेश्वरी स्कूल प्रा.ली. बुटवल ७ दीपनगर | पूर्व प्राथमिक |
| ३ | गौरव विगिनर्स वर्ल्ड मन्टेश्वरी स्कूल बुटवल १२ | पूर्व प्राथमिक |

**प्रस्ताव नं. ६४.४**

**बिषय थप गर्न दिईएको निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ६४.४**

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७६/११/१९ को निर्णय अनुसार श्री अन्नपूर्ण माध्यमिक विद्यालयलाई आ.व. २०७६/०७७मा कक्षा १२ को इच्छाधिन चतुर्थमा Food and Nutrition – 940 संचालन गर्ने अनुमति दिइएकोमा नगर शिक्षा समितिको मिति २०७७/०१/१८ को वैठकबाट निर्णय भई सिफारिस समेत भै आएकोले सो विषयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै मणिमुकुन्द माध्यमिक विद्यालय बुटवल ११ ले शैक्षिक सत्र २०७७ देखि कक्षा ११ मा कम्प्यूटर विज्ञान विषय अध्यापन गर्ने अनुमति माग गरेको हुदा तोकिए बमोजिमको दस्तुर लिई अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.५**
**बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली,२०७७ संशोधन सम्बन्धमा।**
**निर्णय नं. ६४.५**
बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली,२०७७ को नियम १३ विविधमा १३.१ को सट्टा देहायको नियम १३.१ राख्ने ।

१. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक प्रकोप,बाढी, पहिरो र त्यस्तै अन्य कारणबाट तत्काले आय बन्दोवस्त गर्न नसकिने र तत्काल आय व्यवस्था व्यवस्थापन नहुदा प्राप्त हुने आय नआउने अवस्था देखिएमा कार्यपालिकाले छोटो विधि (डाँक बढाबढ,लिलाम जस्ता विधि) अवलम्बन गरी आय व्यवस्थापन गर्न सक्ने छ ।

१३.२ नियम १३.१ मा भएको व्यवस्था नियम १३.२ मा राख्ने ।

१३.३ नियम १३.२ मा भएको व्यवस्था नियम १३.३ मा राख्ने ।

**प्रस्ताव नं. ६४.६**
**संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयको च.नं. ०९ मिति २०७७/०४/०६ को पत्र सम्बन्धमा ।**
**निर्णय नं. ६४.६**
यस बुटवल उपमहानगरपालिकाको मिति २०७६।०३।१९ मा बसेको नगरसभाको वैठक नं. ५.४.१२ बाट साविक स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई मापदण्ड बनाई प्रोत्साहित गर्न निर्देशन दिए बमोजिम मिति २०७६।०५।१७ मा वसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं. ४७.६ बाट मापदण्ड पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको । मिति २०७६।०७।२४ मा बसेको नगरकार्यपालिकाको वैठक नं. ५०.३ बाट स्थानीय सेवा व्यवस्थापनका लागि पारित मापदण्ड बमोजिम कर्मचारीहरुलाई मिति २०७६।८।१ देखि लागु हुने गरी स्वीकृत मापदण्डको आधारमा प्रोत्साहित गरिएको र सो मापदण्ड छैठौ नगरसभा अधिवेशनबाट अनुमोदन भएको । उक्त मापदण्ड कार्यान्वयन भैरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंको च.नं. २३३९८ मिति २०७७।०३।२४ को सुझाव र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ०९ मिति २०७७।०४।०६ को पत्रबाट उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन भनि सुझाव लेखि आएकोले लेखि आए बमोजिम गर्ने गराउने र सो व्यहोरा आगामी नगरसभामा जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.७ विविध ।**
**प्रस्ताव नं. ६४.७.१**
**सेवा निवृत समुदाय परिचालकको सेवा सुविधा सम्बन्धमा ।**
**निर्णय नं. ६४.७.१**
साविक जिल्ला समन्वय समितिमा स्थानीय विकाष कोष गाउँ विकास कार्यक्रम तर्फ सामाजिक परिचालक पदमा करार सेवामा रही कार्यरत सामाजिक परिचालक श्री रिता पाठक गैरे जि.स.स. रुपन्देहीको च.नं.११६ मिति २०७४।०४।१२ को पत्रबाट कार्यक्रम सहित यस उपमहानगरपालिकामा हस्तान्तरण भै आउनु भएको । हाल निजले स्वेच्छाले २०७७।४।१६ देखि लागु हुने गरी राजीनामा दिनु

भएको । निजले यस नगरमा हस्तान्तरण भै आएपछि २०७७।४।१५ सम्म निरन्तर सेवा गरी रहनु भएको । आ.व.०६६।०६७ को रुपन्देही जिल्ला सभाको निर्णय, कर्मचारी कल्याण कोष वापत जिससबाट प्राप्त रकम, निजले आ.व.०७४।०७५, २०७५।०७६ र ०७६।०७७ मा काम गर्दा समुदायमा ऋण लगानी गरी प्राप्त व्याज आम्दानी र जिससवाट सेवानिवृत भएका यस्तै प्रकृतिका सामाजिक परिचालकले पाएको सुविधा, अन्य स्थानीय तहले पनि सुविधा दिनसक्ने गरी बनाएको कानुन समेतलाई विश्लेषण गरी स्थानीय विकास कोष व्यवस्थापन कार्यविधि, २०७७ को दफा ८ बमोजिम निजले संचित विदा, उपचार खर्च वा उपदान वापत वा अन्य कुनै नाममा कुनै रकम दावी गर्न नपाउने गरी सुविधा स्वरुप एकमुष्ठ रु ८,५१,२१८। -(कर्मचारी कल्याण कोष वापत प्राप्त रकम र पछिल्लो ३ बर्षको आर्जित व्याजको ५० प्रतिशत) उपलब्ध गराउने । कर्मचारी कल्याणकोष वापत प्राप्त रकम नगरको सञ्चित कोषमा जम्मा भएकोले उक्त सुविधा वापत उपलब्ध गराउने रकम चालु विविध खर्च शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.७.२**
**लिलाम विक्री निर्णय अनुमोदन सम्वन्धमा ।**
**निर्णय नं. ६४.७.२**
१६/३६ सिचाई प्रणाली संचालनका लागि कुलो सफाई गरिदिन सम्बन्धित समितिबाट अनुरोध भै आएको । १६।३६ कुलोको मुहानतर्फ थुनिने गरी कुलोमा जम्मा भएको गेग्रान तत्काल नहटाउँदा सिचाई प्रणाली अवरुद्ध हुने अवस्था देखिएको । उक्त सामाग्री निर्माण कार्यमा उपयोग हुने सामाग्री भएकोले तत्काल सूचना निकाली डाँक बढाबढ गरी सफाई पनि गर्ने र सामाग्री लैजान समेत पाउने गरी डाँक बढाबढ गरिएको । त्यस्ता सामाग्रीको नगरले तोकेको अन्य नदीजन्य पदार्थका लागि तोकेको न्युनतम दर र प्राविधिकले एकिन गरेको परिमाणको आधारमा न्यूनतम मूल्य कायम गरी डाँक बढाबढ गरी विक्री गर्ने गरी भएको निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. ६४.७.३**
राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा लुम्विनी वस टर्मिनल संचालन व्यवस्थापन संवन्धमा ।
**निर्णय ६४.७.३:**

क) अमानतवाट वस टर्मिनल सेवा शुल्क संकलन संवन्धमा :

सार्वजनिक यातायातका साधनहरु संचालन भएपछि अमानतमा वस टर्मिनल संचालन व्यवस्थापन गर्ने नगर कार्यपालिकाको निर्णय वमोजिम २०७७ श्रावण १७ गतेदेखि वस टर्मिनल शुल्क संकलन शुरु गरिएकोमा हाल लोकल रुटका सवारीहरु मात्र नगन्य रुपमा संचालन भएका र वस व्यवसायीहरुको अनुरोध समेतका आधारमा २०७७ श्रावण १९ देखि मसान्तसम्म टर्मिनल शुल्क संकलन गर्ने कार्य रोकिएको र भाद्र १ देखि शुल्क संकलनको कार्य पुनः शुरु गर्ने निर्णय गरियो ।

ख) लुम्विनी वस टर्मिनल र हाट वजार संचालन व्यवस्थापन संवन्धमा छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

- वसपार्क भित्र रहेका सटर टंकीहरुको दैनिक वहाल निर्धारण : वस टर्मिनल भित्र रहेका साना सटर तथा टंकीहरुको दैनिक वहाल रकम गत वर्षकै दररेट निर्धारण गर्ने ।
- वसपार्क वाहेक विभिन्न स्थानवाट छुट्ने गाडीको टर्मिनल शुल्क संकलनमा संवन्धित प्रा.लि.हरुसंग सहयोग लिंदा दिइने प्रोत्साहन : कतिपय लोकल तथा छोटो दुरीका सार्वजनिक सवारी साधनहरु वस टर्मिनल वाहेक गोलपार्क, भानुपार्क, ट्राफिकचोक आदि क्षेत्रवाट समेत छुट्ने भएकोले सवै स्थानमा कर्मचारी व्यवस्थापन गर्न सम्भव नभएको सन्दर्भमा संवन्धित प्रा.लि.का काउण्टरहरुसंग सहयोग लिई टर्मिनल सेवा शुल्क असुली गर्नुपर्ने भएकोले विगतका वर्षहरुमा जस्तै उठेको रकमको १०% प्रतिशतले हुने रकम संवन्धित प्रा.लि.का कर्मचारीलाई उपलब्ध गराई शुल्क असुली गर्ने व्यवस्था मिलाउने ।
- वस टर्मिनल भित्र रहेको शौचालय संचालन व्यवस्थापन: अमानतमा वस टर्मिनल संचालन व्यवस्थापन संगै भित्र रहेको शौचालय संचालन गर्न कार्यालयका कर्मचारीवाट संभव नहुने भएको र तत्काल ठेक्का बन्दोवस्त गर्न सम्भव नभएकोले तत्सम्वन्धी विगतमा समेत काम गरेको व्यक्ति श्री पदम वहादुर काउचा वुटवल-२ ले निवेदन समेत पेश गरेको तर लामो दुरीको साधन भाद्र १ गतदेखि मात्र संचालन हुने भएकोले भाद्र १ गतेदेखि अर्को व्यवस्था नभए सम्मका लागि दैनिक २६००/ राजश्व असुली गर्ने गरी निजसंग संझौता गर्ने ।

**प्रस्ताव नं. ६४.७.४**

अटोभिलेज क्षेत्रमा न.पा. द्वारा निर्मित सटरहरुको वहाल दर निर्धारण तथा संझौता संवन्धमा ।

**निर्णय ६४.७.४:**

उजिरसिंह अटो भिलेज क्षेत्रमा रहेका विगतमा संवन्धित व्यवसायीहरुसंग धरौटी लिई वहाल रकमवाट कट्टा गरी निर्माण गरिएका ७ वटा सटरहरुको वहाल संझौता सकिसकेकोले उक्त सटरहरुको संझौताको म्याद २०७७ श्रावण १ देखि २ वर्षको लागि निम्नानुसार मासिक वहाल तोक्ने निर्णय गरियो ।

| सटर नं. | सटरमा वस्ने व्यवसायीको नाम | व्यवसाय/फर्मको नाम | साविकको मासिक वहाल रकम | २०७७ श्रावण देखिको मासिक वहाल रकम | वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|
| १ र २ | टिकाराम अधिकारी | शिवशक्ति अटो इन्जिनियरिङ. वर्कशप | ८०००/०० | ११०००/०० | ५ प्रतिशत |
| ३ | पुजा गैरे | भवानी कृषि औजार | ४०००/०० | ५५००/०० | ५ प्रतिशत |
| ४ | सितादेवी | कामाख्या ट्रेड | ४०००/०० | ५५००/०० | ५ प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपाध्याय | सेन्टर | | | |
| ५ | मेघराज भण्डारी | पवित्रा डेरी उद्योग | ३५००/०० | ४५००/०० | ५ प्रतिशत |
| ६ र ७ | विष्णु प्रसाद भण्डारी | विन्दवासिनी भोजनालय | ७०००/०० | ९०००/०० | ५ प्रतिशत |
| ८ | प्रकाश गैरे | न्यू वि.जि. ट्रेडर्स | ३५००/०० | ४५००/०० | ५ प्रतिशत |
| ९ | नेपाल अटो मेकानिक ट्रेड युनियन | | निःशुल्क | | |
| साथै प्रत्येक आर्थिक वर्षको वहाल रकम एकमुष्ठ अग्रिम रुपमा श्रावण महिना वा संभौता गरेको १ महिनाभित्रमा भुक्तान गरेमा १० % प्रतिशत छुट हुनेछ । अग्रिम मासिक रुपमा वहाल भुक्तान नभएमा अन्य वहाल संभौता सरह जरिवाना लाग्नेछ । | | | | | |

**प्रस्ताव नं. ६४.७.५**
क्रसर उद्योगवाट वातावरण प्रदुषण तथा सडक मर्मत शुल्कमा लकडाउन अवधिको छुट माग तथा आ.व. ०७७/०७८ को शुल्क तोक्ने सम्वन्धमा ।

**निर्णय ६४.७.५:**
वुटवल उपमहानगरपालिका भित्र संचालनमा रहेका क्रसर उद्योगहरुवाट वातावरण प्रदुषण तथा सडक मर्मत शुल्क मासिक रुपमा असुली हुदै आएकोमा कोरोना भाइरस कोभिड-१९ का कारण वन्दावन्दीको कारण उक्त अवधिको शुल्क छुटको माग भएको सन्दर्भमा छलफल गर्दा शुल्क छुट दिन नपर्ने देखिएको हुंदा आ.व.०७७/०७८ का लागि समेत गत आ.व.कै दररेट र प्रकिया वमोजिम शुल्क संकलन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.७.६**
मोटर ड्राइभिङ स्कूल संघको ट्रायल सेन्टरको वहाल नवीकरण /म्याद थप संवन्धमा ।

**निर्णय ६४.७.६:**
वुटवल उप महानगरपालिकाको वडा नं.११ देविनगर स्टेडियम नजिक रहेको खाली क्षेत्रमा २०७० सालदेखि नै मोटर ड्राइभिङ स्कूल संघसंग सार्वजनिक जग्गाको संरक्षण गर्ने र ड्राइभिड. प्रशिक्षण सञ्चालन गर्ने गरी २/२ वर्षको संभौता हुदै आएको सन्दर्भमा उक्त संभौताको म्याद २०७७ आषाढ मसान्तमा समाप्त भएकोले पुनः संभौताको लागि पेश भएको निवेदन र वर्तमान स्वास्थ्य संकटका कारण आर्थिक क्षेत्र चलायमान समेत नभएको सन्दर्भमा यस अघि भएको संभौता वमोजिमको वहाल अंकमा १५ % प्रतिशत वृद्धि गरी २ आ.व.को लागि वहाल संभौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६४.७.७**
आय ठेक्काको न्यूनतम अंक कायम गर्ने र सूचना प्रकाशन गर्ने सम्वन्धमा ।
**निर्णय ६४.७.७:**

क) वुटवल उप महानगरपालिकाको आर्थिक ऐन वमोजिम नगर क्षेत्र (हाइवे क्षेत्रमा एपेक्स नेपाल प्रा.लि.संगको सानिसा संझौता क्षेत्र वाहेक ) मा ०७७/०७८ र आ.व.०७८/०७९ दुइ आ.व. का लागि विज्ञापन कर संकलन व्यवस्थापनका लागि निजी क्षेत्र मार्फत् व्यवस्थापन गर्न कार्यालयवाट पेश भए वमोजिम न्यूनतम ठेक्का अंक दुई आ.व. को लागि भ्याट सहित रु.३५,०००००/०० (पैतिस लाख) मात्र कायम गर्ने ।

ख) अमरपथ सपिङ्ग कम्प्लेक्स सटर नं. ४०३ र ४१० तथा वस टर्मिनल सपिङ्ग कम्प्लेक्स को सटर नं.८ खाली भएकोले निम्न वमोजिम न्यूनतम मासिक वहाल रकम निर्धारण गरी खुल्ला प्रतिस्पर्धा गर्ने ।

| सि.न. | स्थान | सटर नं. | हाल कायम न्यूनतम दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | अमरपथ | ४०३ | ३३४२७ | |
| २ | अमरपथ | ४१० | २०६६४ | |
| ३ | लु.बस टर्मिनल | ८ | २२६६० | मिति २०७७९।२१ मा २२६६० न्यूनतम मुल्य कायम गरी सूचना आव्हान गर्दा नपरेको |

**प्रस्ताव नं. ६४.७.८**
**अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं. ६४.७.८**
१.मिति २०७७०४।२८ मा बसेको CCMC को वैठकबाट पारित निर्णयहरु अनुमोदन गरियो ।
२.कालिकापथ नमुना सडकको सडक क्षेत्राधिकारभित्र परेका घर भत्काउने सम्बन्धमा मिति २०७७४।१८ मा भएको निर्णय अनुमोदन गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।